प्रदेश सरकार
प्रदेश नं. ५
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय

## लिवाङ, रोल्पा

प.सं.- २०७५/०७६
च.नं.: ६०६

मिति: २०७५।०९।०४

**विषय :** सुचना टांस गरी सोको जानकारी पठाई दिन हुन ।

श्री रोल्पा नगर कार्यपालिक, लिबाङ रोल्पा
श्री माडी गाउं कार्यपालिका, घर्तिगाउं रोल्पा
श्री परिवर्तन गाउं कार्यपालिका कार्यालय, पुत्लाचौर, रोल्पा
श्री थबाङ गाउं कार्यपालिकाको कार्यालय, थबाङ रोल्पा
श्री गंगादेव गाउं कार्यपालिका, सुखाओडार, रोल्पा
श्री त्रिवेणी गाउं कार्यपालिका, जुंगार, नेर्पा, रोल्पा
श्री रुन्टिगढी गाउं कार्यपालिक, होलेरी रोल्पा
श्री सुनिलस्मृति गाउं कार्यपालिक, सुलिचौर रोल्पा
श्री लुंग्री गाउं कार्यपालिका, किलाचौर रोल्पा
श्री सुनछहरी गाउं कार्यपालिका, पोबाङ रोल्पा

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. ०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुदान प्रदान गरी संचालन गर्नु पर्ने कृयाकलापहरुको लागी प्रस्ताव आव्हानका लागी तयार गरिएको सुचना पाना ३ यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । प्राप्त भएपछी तहां कार्यालयको सुचना पाटीमा टांस गरी सोको जानकारी यस कार्यालयमा पठाईदिन हुन अनुरोध छ ।

श्री सूचना प्रविधि अधिकृत ज्यु मार्फत कारबाहीको लागि। [signature] ७५।१०।०६

[signature]
कृष्ण प्रसाद ढकाल
डिभिजनल वन अधिकृत

दर्ता नं.:- ९३८
मिति :- २०७५।१०।६

प्रदेश सरकार
प्रदेश नं. ५
उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय

## लिवाङ, रोल्पा

प.सं.- २०७५/०७६
च.नं.:

मिति: २०७५।०९।०४

**विषय : प्रस्ताव आव्हान गरिएको वारे ।**

सुचना ..। सुचना...॥ सुचना...॥।

यस कार्यालयको आ.व. ०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जडिबुटी पकेट क्षेत्रमा तपसिल वमोजिमका कार्यक्रमहरु संचालन गर्न अनुदानका लागी ईच्छुक व्यवसायी, उद्यमी, सहकारी, सामुदायिक वन तथा कवुलियती वन समुह वा जडिबुटी तथा गैरकाष्ठ व्यवसायमा संलग्न किसानहरुले जिल्ला स्थित एफ. एम. रेडियो तथा पत्रिकाहरुमा सुचना प्रकाशन भएको मिति २०७५ साल पौष महिनाको ८ गते देखि २०७५ माघ ८ गते (३० दिन) भित्र तोकिएको ढांचा (Format) अनुसारको प्रस्ताव पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि.नं. | कृयाकलापहरुको नाम | एकाई | परिमाण | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | एक जिल्ला एक जडिबुटी खेती कार्यक्रम (जडिबुटी पकेट क्षेत्र विशेष) (प्रदेश सरकारबाट प्राप्त कार्यक्रम) | प्याकेज | १ | ५,००,०००।०० | |
| २. | जडिबुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापना (संघीय सरकारबाट हस्तान्तरीत शसर्त कार्यक्रम) | प्याकेज | १ | १०,००,०००।०० | |
| ३. | जडिबुटी उत्पादन, खेती विस्तार, भण्डारण (संघीय सरकारबाट हस्तान्तरीत शसर्त कार्यक्रम) | हेक्टर | १० | १०,००,०००।०० | |
| ४. | सहकारी मार्फत जडिबुटीको उत्पादन, खेती विस्तार, भण्डारण, प्रशोधन केन्द्र स्थापना र बजारीकरण (संघीय सरकारबाट हस्तान्तरीत शसर्त कार्यक्रम) | प्याकेज | १ | १५,००,०००।०० | |
| ५. | पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार (संघीय सरकारबाट हस्तान्तरीत शसर्त कार्यक्रम) | समुह | ३ | ३,००,०००।०० | प्रति समुह रु. १,००,०००।० |
| ६. | निजी नर्सरी स्थापनाको लागी सहयोग | संख्या | १ | १,००,०००।०० | |
| ७. | सामुदायिक वनमा पर्यापर्यटन सहयोग कार्यक्रम | संख्या | २ | १०,००,०००।०० | सामुदायिक वन समुहको लागी मात्र । |
| ८. | जडिबुटी खेती प्रवर्द्धन कार्यक्रम | समुह | ७ | ७,००,०००।०० | |
| ९. | कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम | प्याकेज | १ | ३,००,०००।०० | |
| १०. | कृषि वन विकास तथा विस्तार कार्यक्रम | प्याकेज | १ | ७,००,०००।०० | |

तपसिल :

१. प्रस्तावको ढांचा (Format) यस कार्यालय बाटा प्राप्त गर्न सकिने छ ।

२. प्रस्ताव दाखिला गर्दा निम्न बमोजिम कागजातहरु पेश गर्नु पर्नेछ ।

- आवेदन पत्र,
- नेपाली नागरीकताको प्रमाणीत प्रतिलिपी
- संस्था भएमा दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपी
- प्रस्ताव योजना (लाभान्वित घरधुरी संख्या, कार्यान्वयन पश्चातको प्रतिफल, कार्यक्रमको निरन्तरता कसरी हुन्छ, मर्मत संभार कसले गर्ने, संचालन कसले कसरी गर्ने तथा स्वामित्व कसको रहने यी सबै विवरण व्यवसायीक योजनामा समावेश हुनु पर्ने ।)
- सम्बन्धित न.पा. / गा.पा. वा वडा कार्यालयको सिफारीस पत्र
- संयुक्त लगानीको प्रस्तावमा मुख्य र अन्य प्रस्ताव भएको संझौता पत्र
- जडिबुटी भण्डारण/प्रशोधन केन्द्र स्थापना गरिने जग्गाको जग्गाधनी प्रमाणपुर्जा र तिरो तिरेको रसिदको प्रतिलिपी
- निजी जग्गामा खेती गरिने भए खेती गरिने जग्गाको जग्गाधनी प्रमाणपुर्जा र तिरो तिरेको रसिदको प्रतिलिपी
- सामुदायिक वन समुह वा कबुलियती वन समुहको हकमा आमभेलाबाट/कार्य समितिबाट निर्णय गरी सोको प्रतिलिपी संलग्न राख्नु पर्ने ।
- जडिबुटी भण्डारण/प्रशोधन केन्द्र स्थापना गरिने जग्गा वा जडिबुटी खेती गरिने जग्गा अन्य व्यक्तिको नाममा भए निज संग गरेको संझौता पत्र

३. प्राप्त प्रस्तावहरु प्रचलित नियमानुसार मुल्यांकन गरी उत्कृष्ट प्रस्ताव छनौट गरिने छ ।

४. प्रस्तावहरु मिति २०७५ साल माघ महिनाको ८ गते कार्यालय समय भित्र दर्ता गरी सक्नु पर्नेछ ।

५. जडिबुटी विकासका लागी पकेट क्षेत्र निम्नानुसार रहेका छन्

साबिकका गा.वि.स.हरु : लिबाङ, मिझिङ, खुमेल, खुङग्री, घोडागाउं, कोटगाउं, कोर्चाबाङ, जङकोट, पाछावाङ, राङकोट, भावाङ, अरेस, तेबाङ, गाम, थबाङ, सेरम, उवा, जैमकसला, बडाचौर, जेलबाङ, घर्तिगाउं, ओत, जङकोट, जिनाबाङ, पाखापानी, जुंगार, गैरीगाउं, नुवागाउं, ईरिबाङ, कुरेली, मिरुल, जौलीपोखरी, सखी, दुबीडांडा, झेनाम, डुब्रिङ, गजुल, ह्वामा, धबाङ आदी)

६. खेती गरिने प्रजाति भन्नाले जिल्ला स्तरीय जडिबुटी फोकल टिमले निर्णय गरेका टिमुर, तेजपात, काउलो, पदमचाल र सेतकचिनी लगायतका प्रजातिहरु जनाउने छ ।

७. प्रस्तावकले लागतको कम्तिमा २०% रकम खर्च गर्नु पर्नेछ ।

८. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

९. म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरुलाई मान्यता दिईने छैन ।

१०. माथी उल्लेखित पांच वटा कार्यक्रमहरुको छुट्टाछुट्टै प्रस्ताव पेश गर्नु पर्नेछ ।

११. अन्य कुराहरुको हकमा प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधी बमोजिम हुनेछ ।

१२. यस सम्वन्धि थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस कार्यालयमा वा फोन नं. ०८६-४४०११२ मा सम्पर्क राख्न सकिने छ ।

डिभिजन वन कार्यालय रोल्पाबाट मिति २०७५।०९।०४ मा प्रकाशित सुचना अनुसार क) एक जिल्ला एक जडिबुटी खेती ख) पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार ग) जडिबुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापना घ) जडिबुटी उत्पादन खेती विस्तार, भण्डारण ङ) सहकारी मार्फत जडिबुटीको उत्पादन खेती विस्तार, भण्डारण प्रशोधन केन्द्र स्थापना च) निजी नर्सरी स्थापनाको लागी सहयोग छ) सामुदायिक वनमा पर्यापर्यटन सहयोग ज) जडिबुटी खेती प्रवर्द्धन झ) कृषि वन प्रणाली प्रवर्द्धन ञ) कृषि वन विकास तथा विस्तार कार्यक्रमहरुका लागी प्रस्ताव तयार गर्दा अपनाउनु पर्ने ढांचा (Format) :

# प्रस्ताव तयार गरिएको कार्यक्रमको नाम

प्रस्तावकको नाम, ठेगाना

पेश गरिने निकाय

श्री डिभिजन वन कार्यालय, रोल्पा

# प्रस्तावको ढांचा

- कार्यक्रमको नाम :
- कार्यक्रमको पृष्ठभूमी :
- कार्यक्रमको लक्ष्य र उद्देश्य :
- कार्यक्रम संचालन हुने स्थान र क्षेत्र :
- लक्षीत समुह सम्बन्धि विवरण, लाभान्वित घरधुरी संख्या/जनसंख्या/रोजगारी श्रृजना :
- सम्बन्धित कृयाकलाप कार्यान्वयनमा विगतको अनुभव :
- कार्यक्रम संचालन विधी र प्रकृया :
- कार्यक्रम संचालन गर्न लाग्ने लागत र समय :
- अपेक्षित उपलब्धिहरु :
- अनुगमन तथा मूल्यांकलन/चुनौती/चुनौती ब्यबस्थापन योजना
- ब्यबसायिक योजना
- कार्यक्रम सम्पन्न भए पश्चातको संरक्षण, मर्मत संभार, संचालन कसरी र कसले गर्ने :
- स्वामित्व :
- कार्यक्रमको दिगोपनाको सुनिश्चितता :
- श्रोत साझेदारीको अवस्था :
- अन्य कुराहरु :